# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## वित्थडचिर गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३४८

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
वित्थडचिर गाउँपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले वित्थडचिर गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.१ करोड ३३ लाख ५२ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४ लाख ४७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २ लाख १० हजार, नियमित गर्नुपर्ने रु.४ लाख ३२ हजार र पेश्की रु.२२ लाख ६३ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु.८ करोड ६० लाख ८२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ९३ लाख ३१ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

वित्थडचिर गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५४ | १५ | १३३५२ | ० | ० | ० | ५४ | १५ | १३३५२ | ४४७ | ४३२ | १०२१० | ० | ० | १०६४२ | २२६३ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ८६०८२ | ० | १०३ | ८५९७९ | ० | १३३५२ | ९९३३१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : वित्थडचिर गाउँपालिका, बझाङ , बिथादचिर गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चक्र देब भट्ट | २०७७-४-१ | |
| कार्यालय प्रमुख | चक्रदेव भट्ट | २०७७-४-१ | |
| कार्यालय प्रमुख | रमेश बहादुर बिष्ट | २०७८-१०-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हर्कदेव भट्ट | २०७७-४-१ | |
| लेखा प्रमुख | रामचन्द्र धामी | २०७७-१२-१ | |
| | | **बेरुजु रकम** | १३,३५१,७६६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,४०,१६,७७९.६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,८३,४२,३१७.२ | **चालु खर्च** | २७,०५,२२,८७१.९ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८८,९७,९४० | **पूँजीगत खर्च** | १२,१३,७६,४८०.३ |
| **राजश्व बाँडफाँट** | ५,३६,०६,६५८.५३ | **वित्तीय/अन्य व्यवस्था** | १०,९७,६१,०९९.१ |
| **आन्तरिक आय** | २७,८७,०४६.६ | | |
| **अन्य आय** | १०,४४,३१,१४० | | |
| **कुल आय** | ४९,८०,६५,१०२.३३ | **कुल खर्च** | ५०,१६,६०,४५१.३ |
| **बाँकी मौज्दात** | | २,०४,२१,४२७.६४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ ।यस गाउँपालिका अन्तर्गत ०९ वडा, ४७ सभा सदस्य, ८६.१३ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार १५४ जनसंख्या रहेको छ ।<br>**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवारी फरक परेको-**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २४२२३००० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २४०१६७७९ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २०६२२१ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | २०६,२२१ |
| ३ | | | **बैंक हिसाव मिलान-**<br>पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको खर्च खातामा असार मसान्तको मौज्दात रु. ८०३९५८२७ रहेकोमा खाता बन्द गर्दा रु १३६४३११२ मौज्दात रहेको पाइयो । पालिकाले साट्न बाकी चेकको प्रस्ट विवरण उपलब्ध गराई बैक हिसाव मिलान गर्नुपर्दछ । | |
| ४ | | | **बैंक हिसाव मिलान नगरेको-**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरी पालिकाले पेश गरेको छ । | |

| खाताको नाम | श्रेस्ता अनुसार २०७8 असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७8 असार मसान्तको बाँकी | फरक |
|---|---|---|---|
| सञ्चित कोष | २७२६०१०।१ | २७२६०१०।१ | ० |
| चालु खाता | ५२८७००५।८६ | १३५५८३१८.४१ | ८२७१३१२.५५ |
| पूँजीगत खाता | ८३५६१०७।१५ | १९६२२१७१.१५ | ११२६६०६४ |
| बाँडफाँडबाट प्राप्त राजस्व | १९३३२४.२९ | १९३३२४.२९ | ० |
| आन्तरिक राजस्व | १४४७०७४.६ | १४४७०७४.६ | ० |
| आन्तरिक अनुदान | ५५ | ५५ | ० |
| कल्याण कोष खाता | ९६०००० | ९६०००० | ० |
| धरौटी खाता | १४५१३१५ | १४५१३१५ | ० |

५

**आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १६ ऐन, १८ नियमावली, ८ कार्यविधि लगायतका ४२ वटा कानूनहरु निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

| | | | | |
|---|---|---|---|---|
| | | | • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी-**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री जानकी बोहराले २०७७।३।१० गते रु ३९ करोड ८५ लाख ९४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१२ मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०५।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७ | | | **अवण्डा बजेट-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ३ करोड ३३ लाख ७० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७७।१०।७ को निर्णयबाट चालुतर्फ शीर्षकमा रु. २८ लाख २५ हजार र पुजीगतर्फ शीर्षकमा रु. ३ करोड ५ लाख ४५ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८ | | | **चौमासिक खर्च-**<br>कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ३३४७६१ | 59604 | 74588 | 127040 | |
| पूँजिगत खर्चतर्फ | १५६७०७ | 9564 | १९०१७ | 62752 | |
| जम्मा | ४९१४६८ | 69168 | ९३६०५ | 189792 | १३८९०२ |
| प्रतिशत | 100 | १४.०७ | १९.०४ | 38.61 | 28.26 |

९

**क्षेत्रगत बजेट र खर्च-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 46400000 | 36304978 | ९.२६ |
| पूर्वाधार विकास क्षेत्र | 80493067.66 | 60965661.33 | १५.५५ |
| सामाजिक क्षेत्र | 223705000 | 203852238.8 | ५२ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 78077940 | 59496339.25 | १५.१८ |
| अन्य कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 38021668.34 | 31420885.33 | ८.०१ |
| जम्मा | ४६६६९७६७६ | ३९२०४०१०२ | १०० |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ५२ प्रतिशत र सबै भन्दा घटी कार्यसञ्चालन तथा प्रशासनिक खर्च ८ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१०

**खर्च विश्लेषण-**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु २८८७०४६ राजस्व बाँडफाँड र अनुदानबाट रु ३९०८४६९१२ समेत गरी रु ३९३६३३९५९ आम्दानी भएकोमा चालु तर्फ रु २७०५२२८७१ र पूँजिगत तर्फ रु १२१३७६४८० गरी रु ३९१८९९३५२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८००९५०० खर्च भएको छ जुन आन्तरिक आयको ५९८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.२१ प्रतिशत चालु र ३१.०५-प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

११

**योजना र कार्यान्वयन-**

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><td>क्र. सं.</td><td>विवरण</td><td>योजना संख्या</td></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>३८</td></tr>
<tr><td>२</td><td>रु एक लाख देखि पाँच लाख सम्मका योजना</td><td>५६</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>८</td></tr>
<tr><td>४</td><td>दश लाख देखि ५० लाख सम्मका योजना</td><td>१०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कर्मचारी करार-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १२ पदमा ८० जना कर्मचारीहरु करारमा राखी रु. १०६००००० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कल्याण कोष-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ९६०००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैं कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>न्यायिक समिति-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी कुनैपनि नभएको र यो बर्ष थप भएको २ गरी कुल २ विवाद दर्ता भएकोमा यो आ व मा कुनैपनि फछ्र्यौट नभई २ वटै बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण शाखा-<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कार्य सञ्चालन कार्यविधि-<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य</td><td></td></tr>
</table>

गर्नु पर्दछ ।

| क्र स | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | जनतासंग अध्यक्ष कार्यक्रम | ३००००० |
| २ | गर्भवति तथा सुत्केरी संग उपाध्यक्ष कोशेली कार्यक्रम | ५००००० |

१७ **स्थानीय तहका पदाधिकारी सुविधा-**

नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस वर्ष पालिकाबाट देहाय बमोजिम रु. ८००९५०० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ९ जना | कार्यपालिका | सभाका सदस्य |
|---|---|---|---|---|---|---|
| | | | | | सदस्य ६ | ३० |
| १ | बैठक भत्ता | १२००० | १२००० | १०८००० | ७२००० | ३६०००० |
| २ | टेलिफोन,मोबाइल | ७२००० | ६०००० | ३७८००० | २१६००० | ७२०००० |
| ३ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ५४००० | ४३२००० | २१६००० | ७२०००० |
| ४ | समन्वय तथा सहजीकरण | १०८००० | ८४००० | ६४८००० | ३६०००० | १०८०००० |
| ५ | अतिथि सत्कार | १२०००० | १०८००० | ७५६००० | ० | ० |
| ६ | खानेपानी/बिजुली/ सरसफाई | ४२००० | ३६००० | २१६००० | १४४००० | ३६०००० |
| ७ | चाडपर्व खर्च | 25000 | 22500 | १४४००० | ५४००० | २१०००० |
| | जम्मा | ४३९००० | ३७६५०० | २६८२००० | १०६२००० | ३४५०००० |

१८ **कानूनी सल्लाहकारी-** ४३१,८८०

सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ ( पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्षले कानूनी सल्लाहकारको रुपमा श्री शिव अधिकारीलाई नियुक्त गरी रु ४३१८८० भुक्तानी गरेकोले अनियमित भएको रु

१९ **खाना तथा विविध खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. २५००००० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२०

**आर्थिक सहायता-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष निम्न व्यक्ति एवं संघ संस्थालाई रु. १८६४००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२१

**मन्दिर निर्माण तथा मर्मत-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न १९ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ४६०७७०२ विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक क्रियाकलापमा कूल पालिकाको पुँजिगत बजेटको ६.०१ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्बर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बनाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।

२२

**अनुदान फिर्ता-**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइयो ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २१२७५०७८० | १९१९९४६४०.२ | २०७५६१३९.८ |
| | विषेश | १५०००००० | १४९७७८९४ | २२१०६ |
| | समपुरक | १६०००००० | ७३७०४८३ | ८६२९५१७ |
| | अन्य | ४११२००० | ४११२००० | ० |
| प्रदेश सरकार | शसर्त | ६८००००० | ६८००००० | ० |
| | विषेश | १३२५५००० | ९९१९३७ | १२२३३०६३ |
| | समपुरक | २१२७५०७८० | १९१९९४६४०.२ | २०७५६१३९.८ |
| | अन्य | १५०००००० | १४९७७८९४ | २२१०६ |

२३

**अनुदानको अनुगमन-**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले विभिन्न ६५ वटा कृषि र पशु फर्मलाई अनुदानमा रु. ८५०००० खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय

अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२४

**पूँजिगत बजेटमा चालु प्रकृतिको खर्च-**

पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट आर्थिक सहायता भनी विभिन्न व्यक्तिहरुलाइ रु. ७५६००० भुक्तानी दिएको पाईयो ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२५

**अनुउत्पादक खर्च-**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले गाउँपालिकामा सञ्चालन हुने मेला जात्रा व्यवस्थापनमा रु २९१६०० खर्च गरेको देखिन्छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२६

**कर तथा शुल्क असुली-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पति कर र घरजग्गा कर | ५००००० | ४९५००० | ९९ |
| सिफारिश दस्तुर | ५००००० | २८०५०० | ५६ |
| व्यवसाय कर | ५००००० | ३७०००० | ७४ |
| अन्य दस्तुर | ५००००० | १९४४७२ | ३९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझीलिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२७

**अनुगमन प्रतिवेदन-**

विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ ।



https://nams.oag.gov.np

| क्र स | स्रोत | योजनको नाम | खर्च | गा पा को खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | विशेष अनुदान | मष्टा मा.वि. मल्लाधारी | ५०००००० | ० | ५०००००० |
| २ | विशेष अनुदान | महेश्वर आ. वि. वडा न १ | ५०००००० | ० | ५०००००० |
| ३ | विशेष अनुदान | मनकामना मल्लगाउँ खानेपानी | ४९७८११० | ० | ५०००००० |
| ४ | समपुरक अनुदान | सुनकुडा … धारी सडक निर्माण | ७३६०४८३ | १०००००० | ८३६०४८३ |

२८

**प्रशासकिय भवन पूर्वाधार विकास अनुदान-**

स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७६ मा गाँउपालिकाको प्रशासकीय भवन बनाउने प्रयोजनको लागि ६० प्रतिशत नेपाल सरकारले र बाकी ४० प्रतिशत लागत स्थानीय तहले व्यहोरिने व्यवस्था छ । पालिकाले यो वर्ष नेपाल सरकारबाट रू. १७५०००० अनुदानको रुपमा प्राप्त भएकोमा निम्नानुसार निर्माण व्यवसायीलाई प्रशासकीय भवन निर्माणको लागि रू. १७५०००० रकम डी पी आर गर्नका लागि भुक्तानी गरेको छ ।

| क्र.सं. | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | इन्जिनियरिङ्ग प्रोफेशनल प्राक्टिस | १७५०००० | १७५०००० |

२९

**रितपूर्वकको कर विजक-** २६७,४००

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले संघीय सरकार पूँजिगतको २३। २०७७।१०।२३ बाट बिजक नम्बर नभएको वेरितको कर बिजक बेगर विवेक हिमाल निर्माण सेवा (पान न ६०६७०४५३३) बाट मु.अ.कर रु. २६७४०० समेत गरी रु. २०५६९२८ को सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

३०

**उपभोक्ता समिति दर्ता-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १२२ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ५११२०३७८४ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था दअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

३१

**डिपीआर खर्च-**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| स्वास्थ भवनको डीपीआर | अलस्टार इन्जिनियरिङ्ग | 1950000 | 1950000 | |
| गाउँपालिका भवन डी पी आर निर्माण | इन्जिनियरिङ्ग प्रोफेशनल प्राक्टिस | १७५०००० | १७५०००० | |
| जम्मा: | | ३७००००० | ३७००००० | |

| | | | | |
|---|---|---|---|---|
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । | |
| ३२ | | | **सवारी साधन खरिद-**<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकामा १५ वटा दुई पांग्रे सवारी साधन खरिद गरेकोमा यस आ व मा मात्रै ३ वटा मोटरसाइकल खरिदमा रु. ७५०००० खर्च गरेका छन् । | |
| ३३ | | | **अनुगमन भत्ता-**<br>पूँजिगत तर्फ निर्माण कार्यको भुक्तानी गर्दा गा पा स्तरीय अनुगमन तथा सहजिकरण समितिको र टोलस्तरीय अनुगमन तथा सहजिकरण समितिका साथै गा पा चालुको भौचर नम्बर ६१६।२०७८।३।३० बाट ३ जना प्रदेश सभा सदस्य, सेनानी, प्रहरी नायब उपरीक्षक, १४ जना पत्रकार सहित कूल २९ जनाले योजना अनुगमन गरी रु १५०००० अनुगमन भ्रमण भत्ता भुक्तानी गरेको पाइयो । भौचर साथ संलग्न उक्त प्रतिवेदनमा योजना सन्तोषजनक ढंगले सम्पन्न भएका व्यहोरा उल्लेख भएकोले ती योजनामा गुनासाहरु आए सोही अनुरुप जवाफदेहिता बहन गर्नु पर्दछ । | |
| ३४ | | | **पाईपको उपयोग-**<br>गो भौ न ३२,३३ र ३४ बाट रु १२९३९०७ भुक्तानी गरी ८१४ मिटर HDPE पाइप खरिद गरेको छ । उक्त पाइप प्रयोग भएको मूल्यांकन प्रमाण संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | १,२९३,९०७ |
| ३५ | | | **पारीखेत ठूलीखोली घोडेटो बाटो-**<br>स्वीकृत नर्म्सको दररेट बमोजिम निर्माण कार्यको भुक्तानी हुनुपर्नेमा भौ न ११७।२०७८।२।२० बाट उक्त बाटो निर्माणको रु १९२००० भुक्तानी हुँदा ordinary soil ४२ घन मिटरको रु ३५० का दरले रु १४७०० भुक्तानी हुनुपर्नेमा रु ११३० का दरले रु ४७४६० भुक्तानी भएकोले नर्म्सभन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ३२,७६० |
| ३६ | | | **कार्य स्वीकार प्रतिवेदन-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा निर्माण सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा त्रुटि सच्चाउने म्याद समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । २१५।२०७८।३।१३ बाट भूमिराज कन्स्ट्रकसनलाई कार्यालय भवन निर्माणको अन्तिम विल रु १६७६५५४ भुक्तानी भएको र अघिल्लो विलको रु ३५४१५१५।७६ समेत कूल ५२१८०६९।७८ भुक्तानी गरी २०७८।३।१५ निर्माण सम्पन्न भएको उल्लेख गरेकोमा कार्य स्वीकार/ कार्य सम्पन्न प्रतिवेदन स्वीकृत नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु | ५,२१८,०६९.७८ |
| ३७ | | | **वडा नं ९ खेलग्राम निर्माण-**<br>७१।२०७८।३।२२ बाट खेलग्राम निर्माण गरी रु ४७९०७२ भुक्तानी भएकोमा ordinary soil को नर्म्सअनुसार रु ३५० ले ७६३ घन मिटरको रु २६७०५० भुक्तानी हुनुपर्नेमा रु ४९०।५० ले ३७४२५१।५० भुक्तानी भएकोले रु १०७२०१।५० बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | १०७,२०१ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **महेश्वर आवि भवन-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले विल भर्पाइ र खर्च प्रमाणित गर्ने कागजात पेश गर्नुपर्ने व्यवस्था छ । विद्यालय भवन निर्माणको कूल मूल्यांकन ५४३२३४९ भइ गापा ले ४८००००० व्यहोरेको मा भौ न ६९।२०७८।३।२२ बाट रु १०४७४३५ भुक्तानी भएको छ । विद्यालयले पेश गरेका विल भर्पाइमा गिट्टी, वालुवा, सिमेन्ट आदि ढुवानी ज्याला बाहेक ज्यामी ज्यालामा रु ३१०९८५९ भुक्तानी भएको भर्पाइ संलग्न छ । कूल मुल्यांकन भएको रकम मध्ये ५७.२४६ प्रतिशत ज्यामी ज्यालामा खर्च देखाएबाट विद्यालयले यथार्थ खर्चका विल भर्पाइ पेश गरेको छ भनी आश्वशत हुन सकिएन । कार्यालयले यथार्थ विल भर्पाइ यकिन गरेर मात्र निकासा / भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३९ | | | **ठेक्का विल नभएको-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी गर्नुपर्ने र नियम ११७ मा कार्य पूरा भएकोमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।भौ न २२।२०७७।१०।२२ बाट वडा न ५ को स्वास्थ्य केन्द्र भवन निर्माणका लागि आयुष निर्माण सेवालाई रु २३२३३२९ भुक्तानी गर्दा ठेक्का विल, कार्य स्वीकार प्रतिवेदन संलग्न नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु | २,३२४,३२९ |
| ४० | | | **जिन्सी दाखिला नभएको-**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सातदिन भित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ ।भौ न ९७।२०७८।३।२८ बाट उग्रतारा ट्रेडिङ्ग हाउस घनगढी बाट ९ थान प्रिन्टर ९ थान स्क्यानर समेतका साम्रग्री खरिद गरी रु ८९९९९४ भुक्तानी गरेकोमा ती सामान जिन्सी दाखिला भएको पाइएन । अतः सम्बन्धितलाई जिम्मेबार बनाई जिन्सी दाखिला गरी प्रमाण पेश हुनुपर्ने रु | ८९९,९९४ |
| ४१ | | | **एकिकृत स्वास्थ्य पूर्वाधार निर्माण-**<br>६।२०७८।१।२७ बाट लिम...महादेव मा वि पदमार्ग निर्माण गरी रु १०००००० भुक्तानी गरेकोमा Ordinary soil १४५.२५ घन मिटरको रु ३५० ले ५०८३७।५० भुक्तानी दिनु पर्नेमा रु १११३ ले १६१६६३।२५ भुक्तानी भएकोले रु ११०८२५।७५ वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु | ११०,८२५ |
| ४२ | | | **गलत पान नम्बर-**<br>मुल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार कारोबार गर्दा पान मा दर्ता भएका व्यवसायिबाट मात्र कारोबार गर्नुपर्ने व्यवस्था छ । ५२८।२०७८।३।२३ मा सहायक महिला विकास निरिक्षक सरिता कुमारी अवस्थीले ब्यूटी पार्लर सम्बन्धि तालिमको पेश्की फछ्र्यौट गर्दा सो तालिमको लागि आवश्यक पर्ने सामानहरु खरिद गर्दा चन्द्र सुर्य फेन्सी पसल (पा न ५१५१९९०७८५) बाट विभिन्न ५ वटा विलबाट रु ६७३९० खर्च लेखेकोमा सो विक्रेता को पान न खोजी गर्दा कुनै पनि आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको देखिएन। यसप्रकारको कारोबार भएको पा न र बिक्रेताको विवरण सहित पालिकाले आन्तरिक राजस्व कार्यालयमा जानकारी गराउनु पर्दछ । | |
| ४३ | | | **प्रयोजन वेगर खर्च-**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा विना कुनै प्रयोजन सार्वजनिक निकायले खर्च गर्न नहुने व्यवस्था छ । रकम खर्च गर्दा सो रकमलाइ पुष्टाइ गर्ने कागजात समावेश गर्नुपर्दछ ।केही उदाहरणका रुपमा यस पालिकाले निम्न गो भौ र मितिमा रकम खर्च गर्दा प्रयोजन नखुलाइ विल भर्पाइ मात्र राखेर खर्च गरेकोले प्रयोजन खुलाएर खर्च लेख्ने तर्फ ध्यानाकर्षण हुनुपर्दछ । | |

| सि न | गो भौ । मिति | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | २५४।२०७७।१२।१२ | विविध कार्यक्रम खर्च | ३४००० |
| २ | २६७।२०७७।१२।१६ | विविध कार्यक्रम खर्च | ३२४६० |
| ३ | २७३।२०७७।१२।१७ | विविध कार्यक्रम खर्च | ५९००० |
| ४ | ३१४।२०७७।१२।२९ | विविध कार्यक्रम खर्च | ७२००० |
| ५ | ३२१।२०७८।१।९ | विविध कार्यक्रम खर्च | २८००० |
| ६ | ३२२।२०७८।१।९ | विविध कार्यक्रम खर्च | २०३२० |
| ७ | ३२१।२०७८।१।९ | विविध कार्यक्रम खर्च | ४३३५० |
| ८ | ४६३।२०७८।३।१८ | विविध कार्यक्रम खर्च | ४०९५० |
| ९ | ४८६।२०७८।३।२१ | विविध कार्यक्रम खर्च | ५९००० |
| १० | ५०१।२०७८।३।२२ | विविध कार्यक्रम खर्च | ७६००० |
| ११ | ५१९।२०७८।३।२२ | विविध कार्यक्रम खर्च | ५९७६० |
| १२ | ५२९।२०७८।३।२३ | विविध कार्यक्रम खर्च | १००००० |
| जम्मा | | | ६२४८४० |

४४

**कृषि कार्यक्रम तर्फ-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता अर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भए सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ वजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।

| भौ. नं. मिति | विवरण | विउ विजनको मूल्य |
|---|---|---|
| ८८।२०७७।९।९ | रायो, मेथी, चम्सुर, धनिया, मूला आदी | २९४००० |
| २०३।२०७७।११।०६ | आरु वखडा १२००, आरु १८००, ओखर २६०० | ३४०००० |
| ४६२।२०७८।३।१८ | सुन कागति विरुवा | २७७२०० |
| जम्माः | | ९११२०० |

४५ **ग्रामिण जलस्रोत तर्फ-**

ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत संचालित कार्यक्रमहरु नेपाल सरकार, पालिका र फिनल्याण्ड सरकार बीच लागत साझेदारी गर्ने व्यवस्था छ । संरचना विषेश खानेपानी, सिचाई तथा प्लाष्टिक घरको लागत फिनल्याण्ड सरकार, पालिका र नेपाल सरकारले व्यहोरिने लागत अंश फरक फरक तय गरिएको छ ।पालिकामा यस वर्ष सञ्चालित ६ वटा योजनामा रु १ करोड ३० लाख बजेट व्यवस्था भइ रु १ करोड ३० लाख नै खर्च भएको छ ।

४६ **कृषि तर्फ-**

अनुदानमा आधारित प्रधानमन्त्री कृषी आधुनिकरण परियोजना अन्तगर्त तरकारी पकेट (नयाँ) कार्यक्रम वापत निम्न कृषक समुहहरुलाई दिएको अनुदानमा दुबै पक्षको निम्नानुसारको लागत साझेदारीको अधिनमा रहि कार्यक्रम सम्पन्न गर्नुपर्नेमा कार्यालयले पुरा रकम भुक्तानी गरेको देखियो तर पकेट संचालक समितिको तर्फबाट सम्झौतामा भनिए बमोजिम लगानी भएको देखिएन।तसर्थ: कार्यक्रम सम्पन्न भईसकेपछि स्थलगत अनुगमन पश्चात बिल/भरपाईको आधारमा मात्र कार्यालयले अन्तिम भुक्तानी दिनुपर्दछ।

| भौ. नं./मिति | कृषक समुहको नाम | सम्झौता अनुसार हुनपर्ने लगानी | | कुल लगानी | वास्तविक भएको लगानी | | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|
| | | कार्यालयको लगानी | आवेदकको स्व लगानी | | कार्यालयले दिएको भुक्तानी | आवेदकको खर्च | |
| ९६-०७७/१२/१८ | लेकाली कृषक समुह | ९००००० | ४४०००० | १३४०००० | 900000 | 135 | ९००१३५ |
| २१५-०७८/३/१६ | श्री मौभेरा तरकारी पकेट संचालक समिति | ५००००० | ३३४४०० | ८३४४०० | 500000 | 303680 | ८०३६८० |
| २७५-०७८/३/२० | रैकोशी महादेव कृषक समुह | ५००००० | ४१२५०० | ९१२५०० | 500000 | 317880 | ८१७८८० |
| | जम्मा | 1900000 | 1186900 | 3086900 | 1900000 | 621695 | 2521695 |

४७ **पारिश्रमिक करकट्टी-** ६,०३४

आयकर ऐन, 2058 को दफा 87,88 र 89 मा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। प्रधानमन्त्री रोजगार संयोजक श्री लोकराज जोशीको मासिक तलब रु.35,990/- र मासिक स्थानिय भता रु.11,810/- गरि जम्मा मासिक तलब रु.47800 का दरले वार्षिक जम्मा रु.5,73,600/- र चाडपर्व खर्च रु.35,990/- गरि कुल रु.6,09,590/- मा कर योग्य आय रु.1,09,590/- को श्रावण देखि फाल्गुनसम्म कर कट्टी नभएकोले सुरुको 1 लाखमा 10 प्रतिशतको हिसाबले ८ महिनाको कर रु.6,667/- र बाँकीको रु.9,590/- मा 20 प्रतिशतको हिसाबले रु.1,918/- गरी जम्मा रु.8,585/- भएकोम सबै कट्टी घटाई निजबाट असुल गरि राजश्व दाखिला गर्नुपर्ने रु.

४८ १६८ २०७८-२-२५ **बढी स्थानीय भत्ता-** २०,४४५

कार्यक्रम कार्यान्वन पुस्तीका 2077/78 अनुसार "ख" वर्ग अन्तर्गत जिल्लामा रा.प. द्वितियको लागि स्थानिय भता मासिक रु.13,630/- का दरले 10.5 महिनाको मात्र दिने उल्लेख छ। शिक्षा संयोजक मदन बमलाई रु.13,630/- का दरले 12 महिनाको स्थानिय भता भुक्तानी दिएको पाईयो। तसर्थ, 1.5 महिनाको बढी भुक्तानी रकम निजबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

४९ — **दिवा खाजा बढी भुक्तानी-** — १६२,०८०

मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीका २०७७।७८ को क्रियाकलाप नम्बर २.७.११.१ अनुसार बालकक्षा देखि कक्षा ५ सम्मका विद्यालयका विद्यार्थीहरुलाई विद्यालय उपस्थितका आधारमा प्रति दिन प्रति विद्यार्थी रु १५ का दरले दिवा खाजाको लागि भुक्तानी दिने व्यवस्था छ। २४७-२०७८/३/१९ बाट यस पालिका अन्तर्गत संचालित निम्न ४ वटा विद्यालयहरुमा दिवा खाजामा खर्च भएको वास्तविक रकम भन्दा बढी निकासा दिएको देखिएको बढी निकासा रकम सम्बन्धित विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.

| सि नं | विद्यालयको नाम | जम्मा खाजा संख्या (विद्यार्थी/दिन) | दर | जम्मा खर्च | निकासा | बढी निकासा |
|---|---|---|---|---|---|---|
| १ | केदार मा वि, बित्थड | १६८८३ | १५ | २५३२४५ | ३०५१०० | ५१८५५ |
| २ | देवेश्वरी मा वि, देउलेख | ६६६८ | १५ | १०००२० | १५२५१० | ५२४९० |
| ३ | सुनकुडा मा वि, सुनकुडा | ८३३४ | १५ | १२५०१० | १६६०५० | ४१०४० |
| ४ | महादेव मा वि, लिम | ६१७७ | १५ | ९२६५५ | १०९३५० | १६६९५ |
| | जम्मा | | | | | १६२०८० |

५० — **बढी भुक्तानी-** — ७,८००

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी व्यवस्था छ ।जसअनुसार गाउँपालिका स्तरिय तालिममा सहायकस्तरको प्रशिक्षकको लागि कार्यपत्र वापत रु ७०० र कक्षा सञ्चालन वापत रु ६०० का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । १६९-२०७८/२/२५ बाट महिला तथा बालबालिका शाखा प्रमुख सरिता कुमारी अवस्थीले बालबालिका अपाङ्गता भएका व्यक्ती ज्येष्ठ नागरिक तथा यौनिक अल्पसंख्यकको तथ्याङ्क संकलनको कार्यपत्र तयार गरे बापत रु १०००० मा १५ प्रतिशत कर कट्टी गरी रु ८५०० बुझेको पाईयो।नियमावली अनुसार रु ७०० मात्र भुक्तानी दिनुपर्नेमा रु ८५०० भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु ७८०० रकम निजबाट असुल गर्नुपर्ने रु

५१ — **शिक्षक दरबन्दी र पदपूर्ति-**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | यो वर्षको पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| 1 | सुनकुडा माध्यमिक विद्यालय सुनकुडा बझाङ्ग | 17 | 1 | 1 | 1149 |
| 2 | केदार माध्यमिक विद्यालय खुलमौर वित्थडचिर बझाङ्ग | 5 | | 11 | 776 |
| 3 | महादेव मा वि लिम | 14 | | 3 | 584 |
| 4 | देबेश्वरी माध्यमिक | 8 | 1 | 8 | 629 |
| 5 | मष्टा मा वि मल्लाधारी | 3 | 0 | 2 | 262 |
| 6 | भगवती आ वि पोखरी | 4 | | 2 | 179 |
| 7 | महेश्वर आ वि भमरमभिड | 2 | | 1 | 217 |
| 8 | रत्न आ वि कुसेना | 3 | | 1 | 200 |
| 9 | भूमिराज आ वि ओषैल | ३ | | | 266 |
| 10 | केदार आ वि डुंग्री | 2 | 1 | 1 | 289 |
| 11 | भूमेश्वर आ वि धामी | 1 | 1 | 1 | 190 |
| 12 | कालिका आ वि गोविन्दधार | 4 | | | 255 |
| 13 | भुमिराज आ वि सुवाकोट | 4 | | 1 | 150 |
| 14 | महादेव आ वि रैकासी | 3 | | 2 | 164 |
| 15 | जनकल्याण आ वि जालि | 2 | | | 47 |
| १६ | भूमिराज आ वि उडि | 2 | | 1 | 103 |
| 17 | भवानी कैराला आ वि | 1 | | | 45 |
| 18 | वाल जीवन आ वि | | 1 | | 121 |
| 19 | गडदेवी आ वि तोली | | | 1 | 79 |
| 20 | चिरासैनी आ वि मड | | १ | | 144 |

| | | | | | |
|---|---|---|---|---|---|
| 21 | जनचेतना आ वि मल्चिर | | | २ | 87 |
| 22 | मष्टा आ वि पाडपाखा | | | 2 | 145 |
| 23 | शिवभवानी आ वि तल्ला भतडा | | | 1 | 235 |
| 24 | कालिका आ वि मल्ला भतडा | | | 2 | 205 |
| 25 | केदार आ वि मौभेरा | | | | 103 |
| 26 | केदार नमुना आ वि खुल्मौर | | | | 72 |
| 27 | कालिका बाल ज्वोती | 1 | | | 156 |
| 28 | भूमेश्वर आ वि तल्लागाउँ | 1 | | 1 | 107 |
| 29 | मनकामना आ वि बाटुली | | | | 128 |
| 30 | सरश्वती आ वि नाडा | 1 | | 1 | 76 |
| 31 | डाँडा देवल आ वि लिम | 1 | | 1 | 161 |
| 32 | जगन्नाथ वा वि | 1 | | | 23 |
| 33 | धारी आ वि लिग्री | ३ | | 1 | 255 |
| जम्मा | | ८६ | ६ | ४७ | ७६०२ |

| | | | | |
|---|---|---|---|---|
| ५२ | | | **समानिकरण अनुदानबाट शिक्षकको तलव भत्ता-**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. २०४३५२६० तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ५३ | | | **सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षण-**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ मा भएको व्यवस्था अनुसार आधारभुत तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक रु १५००० का दरले अनुदान दिने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ३३ वटा विद्यालय मध्ये महादेव मा वि बाहेक बाँकी ३२ वटा विद्यालयले लेखापरिक्षण नगराएको पाइयो । उक्त विद्यालयहरुलाइ लेखापरीक्षण वापत प्रदान गरिएको अनुदान रकम रु ३४०००० रकमको लेखापरिक्षण गराएको प्रतिवेदन प्रमाण पेश गर्नुपर्दछ । | |
| ५४ | | | **औषधि खरिद-** | |
| ५४.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. ३८५०००० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५४.२ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ५४.३ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम-**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो,घोरेटो र पख्राल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २८७ जनालाई रोजगारी उपलव्ध गराई रु. १४८३७९०० खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।यस सम्बन्धमा देखिएका आयोजनाहरु निम्नअनुसार रहेका छन् : | |

| वडा नं | आयोजना र कार्यक्रमको नाम | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
| --- | --- | --- | --- | --- |
| | | -२८७ | -१५९९९२५६ | -९२२३५६ |
| ६ | पाडपाखा रचौडि घोरेटो बाटो मर्मत | | | |
| ५ | धामी गाड खोला देवर तटबन्धन निर्माण | | | |
| ५ | खाल देखि तोला भुमिराज आ बि सम्म बाटो मर्मत | | | |
| ६ | कैराला मल्चिर घोरेटो बाटो मर्मत | | | |
| ६ | टुडिगाडा खोला देखि द्वारी गाउँ सम्म घोरेटो बाटो मर्मत | | | |
| ८ | काडागाउँ देखि बाटुले गाडा सम्म घोरेटो बाटो मर्मत | | | |
| ७ | टुडीखाड देखि नयाँधार सम्म घोरेटो बाटो मर्मत | | | |
| ७ | डुम्राकोट देखि धामी गाउँ सम्म घोरेटो बाटो मर्मत | | | |
| ९ | मस्टा मा बि देखि लिग्री सम्म घोरेटो बाटो मर्मत | | | |
| ४ | छिनार टोल गोरेटो बाटो मर्मत | | | |
| ९ | गोबिन्द धार देखि खानी डाडा सम्म घोरेटो बाटो मर्मत | | | |
| ४ | मेलखोला देखि पोखरा सम्म गोरेटो बाटो मर्मत | | | |
| ४ | मेल्टा टोल गोरेटो बाटो मर्मत | | | |
| ४ | बगड देखि खान सम्म गोरेटो बाटो मर्मत | | | |
| ३ | सरस्वती आ बि देखि दुल्लेक सम्म गोरेटो बाटो मर्मत | | | |
| २ | पैरा देखि स्याँडी सम्मको घोरेटो बाटो मर्मत | | | |
| २ | लिम बगर देखि लामालेक हुँदै महादेब मा बि सम्म घोरेटो बाटो मर्मत | | | |
| ८ | बरबेल्का देखि घट्टेउडी सम्म घोरेटो बाटो मर्मत | | | |
| २ | रत्न आ वि देखि कुसेना दोबाटो सम्म घो बा मर्मत | | | |
| ५ | जोखडा खानेपानी मुहान सुधार | | | |

| | |
|---|---|
| ३ | गैरा खोला देखि तिछड सम्म बाटो मर्मत |
| ३ | दुदढोल्ला देखि खनारी सम्म गोरेटो बाटो मर्मत |
| १ | केदार नमुना आधारभूत विद्यालय पर्खाल मर्मत |
| १ | महेश्वर आधाभूत विद्यालय घेरबार मर्मत तथा संरक्षण |

५६

**सफ्टवेयर खरिद-**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ९८९००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको छैन । उक्त सफ्टवयर हाल प्रयोगमा नरहेकोले यस प्रकार प्रयोगमा नआउने बस्तु खरिद गर्नु उपयुक्त देखिएन ।

| सफ्टवेयरको नाम | प्रयोजन | रकम |
|---|---|---|
| योजना ब्यबस्थापन प्रणाली | योजना शाखा ब्यबस्थापन | ४९९००० |
| राजस्व ब्यबस्थापन प्रणाली | राजस्व ब्यबस्थापन तथा संकलन | ४९०००० |

५७

**लाभग्राहीको नाम नविकरण-**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत गाँउपालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

५८

**प्रतिवेदन पेश गर्नुपर्ने-**

सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । गाँउपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

५९

**सामाजिक सुरक्षा भत्ता हातले वितरण-**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २१ मा अनुसुचि ९ वमोजिम बैक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ९ वडामा रु ६६९६६८६५ वितरण गरेको विवरण पेश गरेको छ । कार्यालयमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले तोके अनुसार बैंक मार्फत भूक्तानी नगरी रु ६६९६६८६५ वितरण गरेको छ । कार्यविधिमा तोके अनुसार रकम भूक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ ।

६०

**समिति गठन-**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ८ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ६१ | | | **कार्य योजना-**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६२ | | | **विपद व्यवस्थापन कोष-**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. १४५४२२८६ आम्दानी भई रु. १४५४१००८ खर्च गरी बाँकी रु. १२७७ देखिन्छ । पालिकाले खर्च मध्ये सवै रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको/नियम बनाएको/कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६३ | | | **बार्षिक प्रतिवेदन-**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६४ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण,उपयोग तथा हक हस्तान्तरण-** | |
| ६४.१ | | | स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ६४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । | |
| ६५ | | | **कोभिड-१९ तर्फ-**<br>आ.व. २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार पेश हुन आएको छः | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | ० | राहत वितरण | ४५०००० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ९०००००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ४४३२००० |
| संघीय कोभिड कोषवाट | १०००००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ३६३७५०० |
| प्रदेश कोभिड कोषवाट | ० | आइसोलेसन केन्द्र निर्माण | १७५०२०० |
| कार्यपालिका निर्णयअनुसार रकमान्तर | ४५४२२८० | अस्थाई कोरोना अस्पताल ब्यवस्थापन र कर्मचारी व्यवस्थापन | १४९९००० |
| अन्य स्रोतबाट | ० | स्वास्थ्य पूर्वाधार निर्माण | ४७०२७२ |
| | | जोखिम भत्ता | २५०००० |
| | | प्रशासनिक खर्च (गाडी भाडा र ईन्धन खर्च) | ५६२५०० |
| | | कोरोना संक्रमित दुर्घटना उपचार खर्च | ११९२३०० |
| | | अन्य खर्च | २९७२३० |
| | | वाँकी | १२७७ |
| जम्मा | १४५४२२८० | जम्मा | १४५४२२८० |

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

६६ **पेश्की बाँकी-** २,२६२,८२१

आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु. पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | जम्मा |
|---|---|---|---|---|
| १. संस्थागत पेश्की | | | | |
| १२/१८/२०७७ | दलित संजाल कार्यक्रम | दलित संजाल समिति | २२५२२ | २६०००० |
| जम्मा | | | | २६०००० |
| | | | | |
| २) उपभोक्ता समिति पेश्की | | | | |
| ०९/१२/२०७७ | संघीय सरकारबाट प्राप्त समपुरक योजना | चिसापानी बहुउपयोगी योजना | ३११५१ | १२०५०७ |
| ०९/१२/२०७७ | ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना | ठूला पन्यार बीच पन्यार पाडपाखा खा पा तथा उ स | ३११५६ | १०५८१८ |
| ०९/१२/२०७७ | सुधारिएको पानी घट्ट तथा सुधारिएको चुल्हो सहयोग | चिसापानी बहुउपयोगी योजना | २२५२२ | ४१५१४ |
| ०९/१२/२०७७ | सुधारिएको पानी घट्ट तथा सुधारिएको चुल्हो सहयोग | ठूला पन्यार बीच पन्यार पाडपाखा खा पा तथा उ स | २२५२२ | ३१३६४ |
| ०१/१०/२०७८ | वडा ९ मा नेपाल विद्युत प्राविधिकरण संग सम्झौता लाइन विस्तार | विद्युत जडान विस्तार उ स | ३११५३ | ४४३००० |
| ०१/२७/२०७८ | खानेपानी संरचना निर्माण सुधार तथा स्तोरोन्नति | ठूला पन्यार बीच पन्यार पाडपाखा खा पा तथा उ स | ३११५६ | ४६८१८ |
| जम्मा | | | | ७८९०२१ |
| ३) व्याक्तिगत पेश्की | | | | |
| ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | पदम बहादुर विष्ट | २२५२२ | १७००० |
| ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | तारा देवि रावल | २२५२२ | १७००० |
| ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | बिछा बोहरा | २२५२२ | १७००० |
| ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | दलुवा बोहरा | २२५२२ | १७००० |
| ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | लक्ष्मण दमाई | २२५२२ | १७००० |
| ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | लालमती देबि ढाँट | २२५२२ | १७००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | बिरुवा ढाँट | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | हरु विष्ट | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | रमेश महर | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | कर्ण बहादुर धामी | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | मान बहादुर विष्ट | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | जानु देबी दमाई | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | कुमली देबि विष्ट | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | दिपा देवि बिष्ट | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | तारा देबि दमाई | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | मनबिर बिष्ट | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | पम्मा देबि कामी | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | झिर्का देवि महर | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | अम्मर सिंह धामी | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | कैले धामी | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | लाल बहादुर धामी | २२५२२ | १७००० | | |
| | | | | ०३/२०/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | हासे कामी | २२५२२ | १७००० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | गोलके देबी धामी | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | गोबिन्द दमाई | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | धन बहादुर धामी | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | नबराज नेपाली | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | लोकेन्द्र बि क | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | झिर्का देवि महर | २२५२२ | २४७०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | बिर बहादुर बोहरा | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | गेडे विष्ट | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | गणेश महर | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | डम्मर बिष्ट | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | गौमती देवि महर | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | मनोज नेपाली | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | हासु कुमारी बिष्ट | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | अनकला देवि चुनारा | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | उजेली देबि बिष्ट | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | गौमती देवि ढाँट | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | देउमा देबि बिष्ट | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | प्रकाश बहादुर बोहोरा | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | बिरा बोहरा | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | मोहन बोहरा | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | नरे बोहरा | २२५२२ | १९९०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | नरे बोहरा | २२५२२ | ४८०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | गोबी कामी | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | हरे कामी | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | हिरा अधिकारी | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | सागर बोहरा | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | जमुना देवि बोहरा | २२५२२ | २४७०० | | |
| | | | | ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | रघुबिर बोहरा | २२५२२ | २४७०० | | |

| | | | | |
|---|---|---|---|---|
| ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | दिपक दमाई | २२५२२ | २४७०० |
| ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | लाल दमाई | २२५२२ | २४७०० |
| ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | बिश्रा अधिकारी | २२५२२ | २४७०० |
| ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | कित्थी देवि बोहरा | २२५२२ | २४७०० |
| ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | राजेन्द्र बोहरा | २२५२२ | २४७०० |
| ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | धौले ल्वार कामी | २२५२२ | २४७०० |
| ०३/२१/२०७८ | सुरक्षित नागरिक आवास कार्यक्रमको थप रकम | झिमा देवि कामी | २२५२२ | २४७०० |
| जम्मा | | | | १२१३८०० |
| कूल जम्मा | | | | २२६२८२१ |

६७

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ८६०८२००० | १०३२०० | ८५९७८८०० |

६८

सम्परीक्षण

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६।७७ | १२० | सा सु भत्ता दोहोरो | १६००० | | | | १६००० |
| २ | २०७६।७७ | १२० | सा सु भत्ता दोहोरो | ७३६०० | | | | ७३६०० |
| ३ | २०७६।७७ | ८३ | कुखुरा चल्ला वितरणमा अपुग | १३६०० | | | | १३६०० |
| जम्मा | | | | १०३२०० | | | | १०३२०० |

६९

अद्यावधिक वेरुजु

यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ८६०८२००० | १०३२०० | १३३५१७६६ | ० | ९९३३०५६६ |